# एक

# नेपालमा पत्रकारिताको प्रारम्भ र विकास

पत्रकारिता क्षेत्रको सम्बन्ध धेरै विषयसँग जोडिएको हुनाले यसको विकासका लागि तदनुकूलको स्थिति हुनु अत्यन्त जरुरी छ । नेपालमा यस्तो स्थिति सिर्जना नहुनाले धेरै पछि मात्र यसले आफ्नो यात्रा थालेको देखिन्छ । वास्तवमा देशको राजनीतिक, सामाजिक, शैक्षिकलगायत विविध क्षेत्रसँग यसको निकट सम्बन्ध हुनाले पत्रकारिताको सुरुआत र विकासका लागि ती-ती क्षेत्रको पनि विकास र कतिपय भौतिक पूर्वाधारसमेतको आवश्यकता पर्नु स्वाभाविक हो । नेपाली पत्रकारिताको इतिहास अन्य राष्ट्रको पत्रकारिताको इतिहासजस्तो पुरानो छैन । नेपाल अधिराज्यको एकीकरण भएको करिब एकसय पच्चीस वर्षपश्चात् मात्र नेपाली भाषामा पत्रकारिताको सुरुआत भएको हो । हुन त नेपालमा पत्रकारिता ढिलो सुरु हुनाका कारणमा पहिलो, छापाखानाको कमी र अर्को, राणाशासकहरूको खुला समाजमाथिको बन्देज नै हो ।

नेपाली भाषाको पत्रकारिताको कुरा गर्ने हो भने युवक कवि मोतीराम भट्टले भारतको वाराणसीबाट *गोर्खा भारत जीवन*को सम्पादन/प्रकाशन गरेर पत्रकारिताको थालनी गरेको प्रसङ्ग नेपाली पत्रपत्रिकाबारे लेखिएका इतिहास एवं अन्य लेखरचनाहरूमा उल्लेख छ । तर यो पत्रिकाको एक प्रति पनि उपलब्ध हुन नसकेकाले त्यसको प्रामाणिकतामा अझै प्रश्न-चिह्न भने छँदैछ । एकातिर *गोर्खा भारत जीवन*को प्रकाशन सालबारे लेखकहरूबीच मतैक्य देखिँदैन भने अर्कोतिर यो पत्रिका साप्ताहिक, मासिक वा कति अवधिबीच निस्कने गर्थ्यो- त्यो पनि स्पष्ट हुन सकेको छैन । कसैले १९४२ साल, कसैले १९४३ साल र कसैले १९४५ साललाई यसको प्रकाशन-काल मानेका छन् (देवकोटा २०२४: ४३-४४) । त्यसैले यस पत्रिकाको एक प्रति प्राप्त नभएसम्म यसबारे यथार्थ जान्न गाह्रो पर्ने निर्विवाद छ ।

तथापि, हाम्रै भूगोलबाट निस्केको आधारमा भने नेपाली पत्रकारिताको प्रारम्भ-बिन्दु *गोर्खापत्र*लाई नै मान्नुपर्छ । नेपालको पहिलो समाचारपत्र *गोर्खापत्र*को प्रकाशन १९५८ साल वैशाख २४ गते सोमबारदेखि सुरु भएको हो (चालिसे २०५१: १०७) ।[1] राणा प्रधानमन्त्री देव शमशेरको शासनकालमा राजा जयपृथ्वीबहादुर सिंहको सक्रियतामा निस्केको यो पत्रिकाको प्रकाशनसँगै नेपालमा समाचारपत्रको नियमित प्रकाशनको थालनी भएको देखिन्छ । सयवर्षभन्दा बढी समयदेखि नेपाली पाठकसामु नियमित रूपमा आइरहेको *गोरखापत्र*को नियमितताको कारक-तत्व चाहिँ सरकारी स्वामित्व नै हो भन्ने तथ्य पनि लुकेको छैन । यसरी साप्ताहिक रूपमा प्रारम्भ भएको *गोरखापत्र* २००० असोज २९ देखि हप्ताको दुइपटक, २००३ पुस ८ देखि हप्ताको तीनपटक र २०१७ फागुन ७ देखि दैनिक रूपमा प्रकाशित हुन थालेको हो । हुन त *गोरखापत्र*भन्दा अघि नै १९५५ को साउन महिनामा ठहिटी काठमाडौंबाट मोतीमण्डलीको सक्रियतामा *सुधासागर* मासिक पत्रिका प्रकाशन भएको पाइन्छ । यो पत्रिका नै नेपाली पत्रपत्रिकाहरूमा सबैभन्दा जेठो पत्रिकाको रूपमा रहेको तथ्य आजसम्मको पत्रकारितासम्बन्धी अध्ययन एवं अनुसन्धानले प्रमाणित गरेको छ । तर यो साहित्यिक पत्रिका हो । यद्यपि *सुधासागर*को प्रकाशनताका मोतीराम भट्टको निधन भैसकेको हुनाले यसको सम्पादनमा मोतीराम भट्टको संलग्नता चाहिँ अविश्वसनीय मान्नुपर्छ (नेपाल २०५५: २) । कुन पहिलो भन्ने तथ्य वा विवाद आफ्नो ठाउँमा रहँदारहँदै पनि नेपाली पत्रकारिताको विकासक्रमलाई विभिन्न चरण (चालिसे २०५१: १०६-१३४) मा विभाजन गरेर हेर्न सकिन्छ- पूर्वप्रारम्भिक चरण (वि.सं. १९०८-१९५७), प्रारम्भिक चरण (वि.सं. १९५८-२००७), प्रजातान्त्रिक चरण (वि.सं. २००७-२०१७), पञ्चायतकालीन चरण (वि.सं.२०१७-२०४६), पुनर्स्थापित प्रजातन्त्रकालीन चरण (वि.सं.२०४६-२०६०) ।

## पूर्वप्रारम्भिक चरण

यस चरणमा वाराणसीबाट *गोर्खा भारत जीवन* र काठमाडौंबाट मासिक *सुधासागर* निस्केको देखिन्छ । नेपाली पत्रकारिताको सुरुवातका लागि त्यसबेलाका युवाहरूले जमर्को गरिरहेको अवस्था भएकोले यसलाई पूर्वप्रारम्भिक चरणको रूपमा लिइएको हो । यसै चरणमा नेपालकै पहिलो छापाखानाको स्थापना भएको थियो । पत्रकारिताको पूर्वाधारका रूपमा रहेको छापाखानाको इतिहास यसै चरणको प्रारम्भसँगै थालिएको पाइन्छ । पहिलो राणा प्रधानमन्त्री जंगबहादुर राणाले बेलायत भ्रमणबाट फर्कंदा १९०८

[1] हालको *गोरखापत्र* पहिले 'गोर्खापत्र' र पछि 'गोरखापत्र' भनेर छापिने गरेको स्मरणीय छ ।

सालमा एउटा हाते प्रेस ल्याएका थिए, जुन नेपालको इतिहासमा 'गिद्धे प्रेस'को नामबाट चर्चित छ । त्यो नै नेपालको पहिलो छापाखाना हो । यस अवधिमा नेपालमा मुद्रण-प्रविधि भित्रिनुका साथै सामान्य रूपमा विस्तार समेत भएको थियो । यसै समयावधिमा मनोरञ्जन प्रेस, नारायणहिटी छापाखाना, पाशुपत प्रेस, ढोकाटोल प्रेस, नारायण प्रेस आदि छापाखाना पनि स्थापना भएका थिए । यसप्रकार यो चरण पत्रकारिताका लागि महत्त्वपूर्ण भौतिक पूर्वाधारका रूपमा रहेको छापाखानाको स्थापना र विस्तारका साथै पत्रिका प्रकाशनको सुरुआतका दृष्टिले महत्त्वपूर्ण देखापर्छ ।

## प्रारम्भिक चरण

*गोरखापत्र*को प्रकाशन प्रारम्भ भएदेखि २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव हुनु अघिसम्मको समयावधिलाई नेपाली पत्रकारिताको विकासका दृष्टिले प्रारम्भिक चरणको रूपमा लिन सकिन्छ । यस चरणमा मूलतः देशभित्र *गोरखापत्र* एकमात्र पत्रिकाको रूपमा देखिन्छ । हुन त निजी क्षेत्रको पहिलो साप्ताहिक पत्रिका *जागरण* यसै चरणको अन्तिम समय अर्थात् २००७ फागुन ४ गतेदेखि निस्कन थालेको हो । यस अवधिमा *गोरखापत्र* साप्ताहिकबाट हप्ताको दुइपटक हुँदै तीनपटक छापिन थाल्यो । यसैकालमा १९८४ वैशाख १३ देखि *गोरखापत्र*मा सर्वप्रथम फोटो छाप्ने कार्य सुरु भएको हो । चर्चित साहित्यिक मासिक पत्रिका *शारदा*को प्रकाशन पनि यसै चरणअन्तर्गत् १९९१ सालमा सुरु भएको हो ।

यस चरणको महत्त्वपूर्ण विशेषता भने नेपाली पत्रपत्रिकाहरूको प्रकाशन देशबाहिर विभिन्न स्थानबाट थालिनु हो । १९५८ सालमा दार्जिलिङबाट पादरी गंगाप्रसाद प्रधानको सम्पादनमा *गोर्खे खबर कागज* (मासिक) तथा वाराणसीबाट १९५९ सालमा एस.एस. शर्माको सम्पादनमा *उपन्यास तरङ्गिणी,* १९६३ सालमा गंगादत्त शर्माको सम्पादनमा *सुन्दरी* (मासिक), सोही वर्ष मातृप्रसाद अधिकारीको सम्पादनमा *माधवी* (मासिक), १९७१ सालमा माधवप्रसादको सम्पादनमा *चन्द्र* (मासिक), १९७२ सालमा सूर्यविक्रम ज्ञवालीको सम्पादनमा *गोर्खाली* र १९९३ सालमा काशीबहादुर श्रेष्ठको सम्पादनमा *उदय* (मासिक)को प्रकाशन हुन थाल्यो । यसबाहेक खरसाङ्गबाट १९७२ सालमा पारसमणि प्रधानको सम्पादनमा *चन्द्रिका* (मासिक), कलकत्ताबाट १९८२ सालमा धर्मादित्य धर्माचार्यको सम्पादनमा नेवारी भाषाको मासिक *बुद्धधर्म* र २००२ सालमा रणधीर सुब्बाको सम्पादनमा *गोर्खा* (पाक्षिक) एवं देहरादूनबाट १९८३ सालमा ठाकुर चन्दन सिंहको सम्पादनमा *गोर्खा संसार* साप्ताहिकको प्रकाशन थालिएको भेटिन्छ ।

नेपालबाट भन्दा नेपाल बाहिरबाट नेपाली भाषाको पत्रपत्रिका बढी निस्कनुको प्रमुख कारण तत्कालीन शासन व्यवस्था नै हो । स्पष्ट शब्दमा भन्ने हो भने, १०४ वर्षीय राणाकालीन समयमा शिक्षाको प्रचारप्रसार र विस्तारमा गरिएको

बन्देज, राजनीतिक चेतनाको अभिवृद्धि गर्न गरिने प्रयासमा रोक, आर्थिक रूपमा जनताको अत्यन्त दयनीय अवस्था र सामाजिक उत्थान गर्ने चेतनाको कमीले अन्य क्षेत्रमा झैं पत्रकारिताको विकासका लागि पनि आवश्यक पूर्वाधारहरू तयार भएनन् । तथापि देशभित्र केही पत्रपत्रिकाको प्रकाशन र छापाखानाको स्थापना एवं देशबाहिर नेपालीहरू भएका स्थानबाट पत्रपत्रिकाको प्रकाशनतर्फ देखिएको रुचि नै तत्कालीन उपलब्धि थियो । यसै अवधिमा मोहन शमशेरद्वारा नेपालको इतिहासमा पहिलोपटक २००५ सालमा छापाखाना र प्रकाशनसम्बन्धी ऐन जारी भएको पाइन्छ, जुन यस क्षेत्रकै पहिलो ऐन हो ।

## प्रजातान्त्रिक चरण

२००७ फागुन ७ गते देशमा निरंकुश राणाशासनको अन्त्य भै प्रजातन्त्रको स्थापना भएपछि पञ्चायत व्यवस्था सुरु हुनु अघिसम्मको समयलाई नेपाली पत्रकारिताको विकासका दृष्टिले तेस्रो चरणको रूपमा लिन सकिन्छ । यो चरणलाई प्रजातान्त्रिक चरण भन्नु उपयुक्त हुन्छ । यस चरणको प्रारम्भ सँगसँगै नेपालको पहिलो दैनिक पत्रिकाको रूपमा *आवाज*को प्रकाशन २००७ फागुन ८ गते साहित्यकारद्वय सिद्धिचरण श्रेष्ठ र गोविन्दबहादुर मल्लको सम्पादनमा भएको पाइन्छ । आधिकारिक रूपमा रेडियो नेपालको स्थापना यसै चरणअन्तर्गत् २००७ चैत २० गते काठमाडौंमा भएको हो । रेडियो नेपालको स्थापना सँगसँगै नेपालमा विद्युतीय सञ्चार माध्यमको प्रवेश हुनुका साथै रेडियो पत्रकारिता समेत प्रारम्भ हुन पुगेको हो ।

नेपाली पत्रकारितामा सर्वप्रथम महिलाको प्रवेश पनि यसै चरणमा भएको देखिन्छ । २००८ जेठमा कुमारी कामाक्षी र साधना प्रधानको सम्पादनमा निस्केको *महिला* (मासिक) नेपालमा महिलाहरूबाट सम्पादित पहिलो पत्रिका हो र यसको महत्ता यसैमा छ । यसै अवधिमा नेपाली भाषाबाहेक हिन्दी, नेवारी र अङ्ग्रेजी भाषामा पनि पत्रिका निस्कन प्रारम्भ भयो । हिन्दीमा भोजबहादुर सिंहको सम्पादनमा २००८ साउन १५ गते *तरंग* साप्ताहिक, नेवारीमा आशाराम शाक्यको सम्पादनमा २००९ कात्तिक ३ गते *पासा* साप्ताहिक र अङ्ग्रेजीमा वरुण शमशेर जबराको सम्पादनमा २०१० सालमा *नेपाल गार्जियन* आ-आफ्ना भाषामा निस्केका पहिलो पत्रिका मानिन्छन् । यस चरणमा निस्केका अन्य महत्त्वपूर्ण पत्रिकाहरूमा *दैनिक समाज* (२०११), पहिलो अङ्ग्रेजी दैनिक *द कमनर* (२०१२), पहिलो नेवारी दैनिक *नेपाल भाषा,* पहिलो हिन्दी दैनिक *नेपाली, फिलिंगो* दैनिक, *समीक्षा* साप्ताहिक (२०१७) आदिलाई लिन सकिन्छ । यसरी नेपाली पत्रकारिता भाषिक विविधतातर्फ विस्तार हुनु यस चरणको विशेषता मान्नु पर्छ । यसै चरणमा पहिलोपटक २०१४ साउनको पहिलो साता *संयुक्त प्रयास* साप्ताहिकमा

व्यङ्ग्यचित्र (कार्टुन) छापियो र व्यङ्ग्यचित्र छाप्ने प्रचलनको प्रारम्भ भयो । यो चित्र गोबर्धन शाहले बनाएका थिए (अर्याल २०५८: २१-२२) ।

नेपाली पत्रकारहरू सङ्गठित हुने प्रयास पनि प्रजातान्त्रिक चरणमा नै सुरु भयो । जसअनुसार २००८ सालमा सबैभन्दा पहिले नेपाल पत्रकार सङ्घ नामक संस्थाको स्थापना हुन पुग्यो । यसै चरणमा २०१४ माघ १९ गते प्रेस कमिशनको गठन भयो । सो कमिशनले २०१५ जेठ ३१ गते पत्रकारहरूको आचरणसम्बन्धमा पहिलो पटक १८ बुँदे नियम तयार गरी श्री ५ को सरकार समक्ष प्रस्तुत गऱ्यो । यसै चरणअन्तर्गत् पहिलो समाचार समितिको रूपमा २०१६ पुस १ गते नेपाल संवाद समितिको स्थापना हुनुका साथै त्यसको लगत्तै २०१७ वैशाख ३० मा सगरमाथा संवाद समिति पनि स्थापना भयो । तर यी दुबै समिति २०१७ फागुन ६ गते बन्द हुन पुगे ।

पत्रपत्रिकाहरूलाई सुविधाका रूपमा सरकारी विज्ञापन दिने प्रचलन पनि यसै चरणमा सुरु भएको पाइन्छ । पत्रपत्रिकालाई चार श्रेणीमा विभाजन गरी रु. ६००।- देखि रु. २,०००।- सम्म सरकारी विज्ञापन प्रत्येक महिना दिने नीति २०१६ मङ्सिरमा लागू भएको थियो ।

## पञ्चायतकालीन चरण

२०१७ पुस १ गते बहुदलीय व्यवस्था मासिएदेखि २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना नभएसम्मको अवधि पञ्चायतकालीन चरण हो । यस चरणमा एकातिर केही महत्त्वपूर्ण कार्य भए भने अर्कातिर प्रकाशनलाई नियन्त्रण गर्ने कार्य पनि प्रशस्तै भएको पाइन्छ ।

विशेषतः पञ्चायत व्यवस्थाको प्रारम्भले बहुविचार राख्न नपाउने स्थितिको सिर्जना गरेपछि श्री ५ को सरकारले २०१९ सालमा छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०१९ र प्रकाशन रजिष्ट्रेसन ऐन २०१९ जारी गरेर विचारको स्वतन्त्रतालाई नियन्त्रण गर्ने कार्य थाल्यो । यस अवधिमा थुप्रै पत्रपत्रिकामाथि कारबाही भए । यसबाहेक भौतिक एवं संस्थागत विकासका दृष्टिले भने यो अवधि उल्लेखनीय देखापर्छ ।

यस चरणमा एकातिर *गोरखापत्र* २०१७ फागुन ७ गतेदेखि दैनिक रूपमा प्रकाशन हुन थाल्यो भने २०२२ सालदेखि अङ्ग्रेजी दैनिक *राइजिङ नेपाल*को पनि प्रकाशनारम्भ भयो । २०१८ फागुन ७ गते राष्ट्रिय संवाद समितिको स्थापना पनि यस चरणको महत्त्वपूर्ण पक्ष हो । यो संस्थाको नाम २०२८ सालमा परिवर्तन गरी राष्ट्रिय समाचार समिति राखिएको हो ।

नेपालमा विदेशी समाचार समितिको समाचार सोझै टेलिप्रिण्टरबाट प्राप्त हुन थालेको पनि यसै अवधिमा हो । यो कार्य २०१९ जेठमा भएको थियो र टेलिप्रिण्टर जडान भै एजेन्स फ्रान्स प्रेसको समाचार सोझै प्राप्त हुन थालेको थियो । यस्तै गोरखापत्र संस्थानले २०३९-४० सालतिर मुद्रणमा अत्याधुनिक

फोटो कम्पोजिङ मेशिन र वेभ अफसेट प्रविधि भित्र्यायो । तत्पश्चात् *गोरखापत्र* सोही प्रविधिमार्फत् छापिन थालेपछि मुद्रणका दृष्टिले नेपालले एक फड्को मारेको देखिन्छ । गोरखापत्र संस्थान ऐन २०१९ जारी हुनु, २०१९ सालमै प्रेस काउन्सिलको स्थापना हुनु र २०३७ फागुन ११ मा शाही प्रेस आयोगको गठनजस्ता कार्य पनि यसै चरणमा हुन पुगे ।

पत्रकारिता केवल रुचिको विषय मात्रै भइरहेको अवस्थामा यसै चरणमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत् रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौंले २०३३ साउन १ देखि पत्रकारिताको प्रमाणपत्र तह र पाटन बहुमुखी क्याम्पस, ललितपुरले २०३६ सालदेखि पत्रकारिताको स्नातक तहको अध्यापन कार्य थालेका हुन् । नेपाली पत्रकारिताको विकास क्रममा यो कार्यलाई उल्लेखनीय मान्नुपर्छ । यसै चरणअन्तर्गत् नेपाल प्रेस इन्स्टिच्युटले २०४१ सालदेखि पत्रकारिताको १० महिने तालिम प्रारम्भ गरी हालसम्म सञ्चालन गरिरहेको छ, जुन उपयोगी देखिएको छ ।

प्रभावशाली विद्युतीय सञ्चारमाध्यमका रूपमा रहेको टेलिभिजन पनि यसै अवधिमा नेपाल भित्रियो । २०४१ माघ १७ गते परियोजनाका रूपमा स्थापना भएको *नेपाल टेलिभिजन*ले २०४२ साउनदेखि परीक्षण प्रसारण र सोही वर्षको पुस १४ गतेदेखि नियमित प्रसारण थालेको हो । विगतका चरणमा झैं यस चरणमा पनि पत्रपत्रिकाहरूको दर्ता लिने र प्रकाशन गर्ने कार्यमा तीब्रता आएको पाइन्छ ।

## पुनर्स्थापित प्रजातन्त्रकालीन चरण

बहुदलीय व्यवस्थाको पुनर्स्थापनाले देशमा खुला र उदार वातावरणको सिर्जना गरेर पत्रकारिता क्षेत्रलाई अगाडि बढ्ने महत्त्वपूर्ण अवसर प्रदान गरेको देखिन्छ । यस चरणमा नेपाली पत्रकारिताले प्राप्त गरेको महत्त्वपूर्ण उपलब्धि पत्रपत्रिका बन्द नगर्ने र छापाखाना जफत नगरिने संवैधानिक प्रत्याभूति नै हो । वास्तवमा नेपाली पत्रकारिता क्षेत्रका लागि यो ऐतिहासिक महत्त्वको विषय हो ।

यस चरणसँगै नेपालमा ठूला आकारका दैनिक पत्रिकाको प्रकाशनतर्फ निजी क्षेत्र अग्रसर भएको देखिन्छ । २०४९ फागुन ७ गते *कान्तिपुर* र *द काठमाडौं पोस्ट*बाट सुरु भएको ठूला आकारका दैनिक पत्रिकाको यो यात्रा अहिले *नेपाल समाचारपत्र* (२०५२), *हिमालय टाइम्स* (२०५२), *स्पेसटाइम* (२०५७), *राजधानी* (२०५८) हुँदै *दि हिमालयन टाइम्स* (२०५९) र *अन्नपूर्ण पोस्ट* (२०५९) सम्म विस्तारित हुन पुगेको छ । हुन त यसै चरणमा निस्केका ठूला आकारका *श्रीसगरमाथा, द एभरेष्ट हेराल्ड, लोकपत्र र स्पेसटाइम टुडे* भने बन्द हुन पुग्यो । यस चरणमा जिल्ला-जिल्लाबाट पत्रिका निस्कने क्रम निकै बढेको देखिन्छ ।

प्रजातन्त्रसँगै प्राप्त खुला वातावरणको उपयोग गर्दै नेपालमा फ्रिक्वेन्सी मोडुलेसन (एफएम) रेडियो स्टेसनको प्रभाव बढ्दै जानु पनि यस चरणको

महत्त्वपूर्ण उपलब्धि हो । २०५४ मङ्सिर २३ गते स्वतन्त्र रेडियो स्टेशनको रूपमा स्थापित *रेडियो सगरमाथा*बाट सुरु भएको एफएम प्रविधिको स्थापना हुने क्रम अहिले राजधानीबाहिर पनि तीब्र गतिमा बढेको छ र झापा, मोरङ, सुनसरी, हेटौडा, पोखरा, बुटवल, दाङ, पाल्पा, चितवन, रूपन्देही, कपिलवस्तु लगायतका क्षेत्रमा समेत विस्तार हुन पुगेको छ । २०६० सालसम्मको अन्तमा अधिराज्यमा इजाजत प्राप्त एफएम स्टेशनहरूको सङ्ख्या ५६ पुगेको छ ।

यस चरणमा निजी क्षेत्रका टेलिभिजन च्यानलहरूको स्थापनाको क्रम सुरु हुनुका साथै विस्तारसमेत भएको देखिन्छ । यसै अवधिमा नेपाली भाषाको पहिलो स्याटेलाइट च्यानलका रूपमा २०५८ असार १९ गतेदेखि *च्यानल नेपाल*ले आफ्नो प्रसारण प्रारम्भ गरेको छ भने त्यसकै भोलिपल्ट *नेपाल टेलिभिजन* पनि स्याटेलाइट मार्फत् प्रसारण हुन थालेको छ ।

विद्युतीय सञ्चारमाध्यमको यस्तो विकाससँगसँगै नेपाली पत्रपत्रिकाहरू इन्टरनेटमा उपलब्ध हुनु पनि यस चरणको महत्त्वपूर्ण पक्ष हो । २०५८ सालसम्ममा अधिराज्यका विभिन्न स्थानबाट प्रकाशित हुने पत्रपत्रिकाहरूमध्ये दैनिक ७, साप्ताहिक २१, पाक्षिक ४ र मासिक १२ गरी ४४ पत्रिका इन्टरनेटमा समेत हेर्न सकिने भएका छन् भने इमेलमा प्रवेश गर्नेको सङ्ख्या दैनिक १२, साप्ताहिक ३२, पाक्षिक ४ र मासिक १२ रहेको छ (प्रेस काउन्सिल नेपाल २०५८: ६७-६९) ।

सञ्चारमा विदेशी लगानी र एउटै प्रकाशनगृहलाई छापा र विद्युतीय सञ्चारमाध्यमका रेडियो र टेलिभिजन सञ्चालन गर्न अनुमति दिनेजस्ता विवादास्पद र विकृतिजन्य कार्यहरू पनि यस चरणमा भएको देखिन्छ ।